# जिल्ला समन्वय समिति

## दमौली, तनहुँ

(प्रथम पटक सूचना प्रकाशित मिति २०७४/३/ २५)

### आ.व. २०७४/०७५ को आन्तरिक आयको

### ठेक्का सम्बन्धी वोलपत्र आह्वानको सूचना !

स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ (संशोधन सहित) तथा स्थानीय निकाय (आ.प्र.) नियमावली २०६४ (संशोधन सहित) वमोजिम जिल्ला समन्वय समिति, तनहुँको क्षेत्राधिकारभित्र पर्ने देहायका शिर्षकहरुमा आ.व. २०७४/०७५ का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट आफ्नो फर्मको नविकरण भएको प्रमाण-पत्र, पान दर्ता/मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७२/०७३ को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी रितपूर्वकको शिलवन्दी वोलपत्र पत्र आव्हान गरिन्छ ।

| ठेक्का नं. | प्रभावित न.पा./गा.पा. | ठेगाना | घाटको नाम/ठेगाना | वोलपत्र दस्तुर | वार्षिक उत्खनन (घ.मि) | न्युनतम अङ्क (मूल्य अभिबृद्धि कर वाहेक) |
|---|---|---|---|---|---|---|
| ७ आया २०७३/०७४ | शुक्लागण्डकी न.पा | ९ | पुडीखोला | १००० | ११७०० | २५०००००।० |
| ८ आया २०७३/०७४ | शुक्लागण्डकी न.पा | २ | हलेदीघाट | १००० | २३१०० | ३५०००००।० |
| ९ आया २०७३/०७४ | शुक्लागण्डकी न.पा | ९ | तालवेसीघाट | १००० | १४८८० | २८०००००।० |
| १० आया २०७३/०७४ | शुक्लागण्डकी न.पा | २ | सखारे १ नं घाट, भु.पु घाट | १००० | २१०४० | २९०००००।० |
| ११ आया २०७३/०७४ | शुक्लागण्डकी न.पा | ८ | किमलडाडा घाट, | १००० | १२१६० | ३००००००।० |
| १२ आया २०७३/०७४ | भिमाद २ ठुलोचौर पछाडीको भाग | भिमाद ७ | सिस्नेरीघाट/दायाँकिनारा | १००० | ८८०० | १८०००००।० |
| १३ आया २०७३/०७४ | छाङ्ग थाङ्गदीघाट | म्याग्दे ५ | फुलबारीघाट/बायाँकिनारा | १००० | ५२०८ | २३०००००।० |
| | छाङ्ग पाटन घाट | म्याग्दे ५ | छाङ्ग-२ नं. घाट/बायाँ किनारा | | २३३३ | |
| १४ आया २०७३/०७४ | शुक्ला फो.पु माथि, भिमाद भागर /(छाङ्ग ९) म्याग्दे खोला सेती दोभान देखी सिमलको फेद सम्म | शुक्ला, म्याग्दे भिमाद | म्याग्दे दोभान घाट | १००० | २०२५० | २२०००००।० |
| १५ आया २०७३/०७४ | भिमाद ५ | ५ | कसेनीघाट | १००० | ७८०० | ५००००० ।० |
| १६ आया २०७३/०७४ | भिमाद ५ | भिमाद ५ | ऋषिङ्ग पाटन १, २ ( कात्तिके घाट/दायाँ किनारा) | १००० | ६४७५ | २००००००।० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ आया २०७३/०७४ | रिसिंग रानिपोखरी-भू.पू. भुलुंगे पुलबाट ५०० मि.माथिदेखि | भिमाद ५ | दब्ल्याङ घाट-१/बायाँ किनारा | १००० | ५६६७ | ५९५०००।० |
| १८ आया २०७३/०७४ | भिमाद ५ | | दब्ल्याङ घाट-१/बिचको उच भाग | १००० | ३३३४ | ४०००००।० |
| १९ आया २०७३/०७४ | रिसिङ्ग रानिपोखरी-भू.पू. भुलुंगे पुलबाट ५०० मि. | भिमाद ५ | दब्ल्याङघाट-२/दायाँ किनारा | १००० | ७००० | ८०००००।० |
| | | | | | | |
| २० आया २०७३/०७४ | रिसिङ्ग रानिपोखरी-ठुलो ढुङ्गा देखि २९० मि.तल सम्म | भिमाद ५ | दब्ल्याङघाट-३/दायाँ किनारा | १००० | १०५०० | १२०००००।० |
| २१ आया २०७३/०७४ | छाङ्ग क्रसर उद्योग देखि माथि ठुलो ढुङ्गा सम्म चोक्रेटार घाट | म्याग्दे ४ | चाक्रेटार घाट/बायाँ किनारा | १००० | १५४०० | १८०००००।० |
| २२ आया २०७३/०७४ | रिसिङ्ग रानीपोखरी-क्रसर उद्योग opposite | भिमाद ५ | चोक्रेटार घाट/दायाँकिनारा | १००० | १३६८० | ११०००००।० |
| २३ आया २०७३/०७४ | छाङ्ग घाट | म्याग्दे ४ | घुमाउने घाट/बायाँकिनारा | | ५४०० | |
| | | | घुमाउने घाट/दायाँकिनारा | | ३९६० | |
| | | | घुमाउने घाट/बायाँकिनारा | १००० | ६००० | १५०००००।० |
| २४ आया २०७३/०७४ | जामुने-६, झुलुङ्गे पुलबाट २६० मि. तलदेखि ४६० मि. | म्याग्दे २ | किल्चोकघाट/बायाँकिनारा | | ३६०० | |
| | म्याग्दे २ | म्याग्दे २ | तुनिबोटे घाट/बायाँकिनारा | १००० | ६४०० | ७०००००।० |
| २५ आया २०७३/०७४ | आवुखैरेनी गा.पा | ३ | कुडुलेघाट | १००० | १२००० | १२०००००।० |
| २६ आया २०७३/०७४ | आवुखैरेनी गा.पा | २ | नारीघाट ढावटार | १००० | २८८० | ८०००००।० |
| २७ आया २०७३/०७४ | आवुखैरेनी गा.पा | ४ | साँखर वेनीघाट | १००० | १५०० | ३०००००।० |
| २८ आया २०७३/०७४ | आवुखैरेनी गा.पा | २ | मार्किचोक घाट | १००० | १४४०० | १३०००००।० |
| २९ आया २०७३/०७४ | आवुखैरेनी गा.पा | १ | सत्रसय वालुवा खानीघाट | १००० | १७१४३ | १६०००००।० |
| ३० आया २०७३/०७४ | बन्दिपुर न.पा | ५ | याम्पा फाट | १००० | ४०५० | ७७००००।० |
| ३१ आया २०७३/०७४ | भानु गा.पा. | २ | आमवोटे १ र २, खहरे घाट | १००० | १३५० | १०५००००।० |
| ३२ आया २०७३/०७४ | भानु गा.पा. | ३ | चामवास घाट | १००० | ४०५० | ५५००००।० |
| ३३ आया २०७३/०७४ | भानु गा.पा. | ८ | वलिफाट घाँट | | ८१०० | |
| | भानु गा.पा. | ८ | वेनीवगरघाट | | ५४०० | |
| | भानु गा.पा. | १० | पाउंदी दोभान तार्कुघाट ( रयले) | १००० | ६०० | १६०००००।० |
| ३४ आया २०७३/०७४ | देवघाट गाविस | ३ | कालीगण्डकी हर्देनी पुल तल, वुढीगण्डकी नदी सेतीभतेरी, वुढीगण्डकी नदी जुगेडीघाट | १००० | ४३२१४ | ३०२५०००।० |
| ३५ आया २०७३/०७४ | ऋषिङ्ग गाउँपालिका | | मादी/सेती नदी काहुँशिवपुर घाट | १००० | १५००० | ११०००००।० |
| ३६ आया २०७३/०७४ | ऋषिङ्ग गाउँपालिका | ५, ४ | गडगडी/घुमारी/लुम्दि | १००० | २८५७ | २०००००।० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७ आया २०७३/०७४ | व्यास | व्यास | सेती नदी निउरो घारि देखि, सुडे मास्दि | १००० | १९५३३ | १५००५००।० |
| ३८ आया २०७३/०७४ | काली नदी साविक गजरकोटगा.पा | घिरिङ्ग | मैदी दोभान, भण्डारीघाट, तिमल्सेना घाट, वेल घाट | १००० | १३३५७ | ९३५००।० |
| ३९ आया २०७३/०७४ | काली नदी साविक घिरिङ्ग सुन्धारा गा.पा | घिरिङ्ग | खैरेनी घाट, वलिघाट | १००० | ११७८६ | ८२५००।० |

**जिल्ला पषिद्ले तोकेको दररेट**

१. यस जिल्लावाट उत्खनन् हुने ढुङ्गा, गिट्टी, बालूवाको आन्तरिक बिक्रि दर रेट प्रति घ.मि. रु. ७०।-(मुल्य अभिबृद्धि कर वाहेक)

**बोलपत्र सम्बन्धी शर्तहरुः-**

- वोलपत्र फारम २०७४/४/२३ गते सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको आय शाखावाट खरिद गर्न सकिनेछ वा PPMO's को website http://www.bolpatra.gov.np वाट Download गर्न सकिनेछ र यस कार्यालयको ने.वैं.लि. दमौलीमा रहेको च.हि. नं ०६००३००००००००४००१०५७ मा तोकिएको दस्तुर जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्ने छ । यस कार्यालयवाट खरिद भएका वोलपत्र २०७४/४/२४ गते १२:०० वजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । साथै PPMO's को website http://www.bolpatra.gov.np मा सवै कागजातहरु Scan गरि PDF format मा वोलपत्र उल्लेखित समय भित्र पेश गर्न सकिने छ । दाखिला हुन आएका वोलपत्र सोही दिनको १:०० वजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्र दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
- उल्लेखित ठेक्काहरुको ठेक्का अवधी २०७४ भाद्र महिनाको सम्झौता मिति देखी २०७५ जेष्ठ मसान्तसम्म मात्र हुनेछ ।
- यस कार्यालयवाट प्रमाणित भएको वोलपत्र फाराम स्वयं वा रितपूर्वकको वारेस निवेदन पठाई तोकिएको दस्तुर वुझाई खरिद गर्न सकिनेछ ।
- वोलपत्र खरिद गर्दा निवेदन सहित नेपाली नागरिकताको प्रमाण-पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७२/०७३ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।
- वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि नेपाली नागरिकको हकमा ५% (पाँच प्रतिशत) र विदेशी नागरिक भए १०% (दश प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको ने.बैं. लि. दमौली स्थित च.हि.नं. ०६००३००००००००३००००१३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्रको लागि वोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।
- वोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सो को भोलिपल्ट सोही समय र स्थानमा गरिने छ ।
- बोलपत्र स्वीकृत भएपछि बोलपत्र दाताले ठेक्का संझौता गर्न आउदा सम्झौता रकमको स्वीकृत अङ्कको ५% ले हुने रकम यस कार्यालयको ने.बैं. लि. दमौली स्थित च.हि.नं. ०६००३००००००००३००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७५ आषाढ मसान्तसम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । एक मुष्ठ भुक्तानी गरिएकोमा बैक धरौटी पेश गर्नुपर्नेछैन ।
- ठेक्का सम्झौता गर्दा कवुल अङ्कमा १३ % मुल्य अभिबृद्धि कर र नियम अनुसार लाग्ने अन्य कर जोडी कुल सम्झौता रकम कायम गरिने छ ।
- स्वीकृत ठेक्का अङ्कलाई (तीन) किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०% दोश्रो किस्ता २५% र अन्तिम किस्ता २५% गरी ३ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता ५०% सम्झौता गर्न अगावै दाखिला गरि बाँकी

५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७५ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ । किस्ता अनुसार १.५ प्रतिसत अग्रिम आयकर र १३ प्रतिसत मुल्य अभिबृद्धि कर समेत जोडि कार्यालयमा रकम वुझाउनु पर्नेछ ।

- स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका वखत एकमुष्ट वुझाउन चाहेमा औचित्य हेरी बढिमा १०% सम्म छुट दिन सकिनेछ ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्न सकिनेछ । अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ ।
- कुनै शर्त राखी पेश गरेको, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- ठेक्का स्वीकृत भई कार्यादेश दिई सकेपछि वन्द, हडताल, चक्का जाम, वा अन्य कुनै कारण देखाई मिन्हा वा छुट माग दावी गर्न पाईने छैन ।
- ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम २०७४/०७५ को करचुक्ता पेश गरेपछि फिर्ता दिईने छ ।
- वोलपत्र दाताले ढुङ्गा, गिट्टी, वालुवा, आन्तरिक विक्रि गर्दा उक्त आ.व. को लागी जिल्ला परिषदले तोकेको दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गर्न पाईने छैन । उक्त दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गरेमा ठेक्का सम्झौता तोडिनेछ ।
- वोलपत्र दाताले मासिक रुपमा आफुले उत्खनन् गरेको परिमाणको विवरण अनिवार्य रुपमा जिल्ला समन्वय समितिमा पेश गर्नुपर्नेछ ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र वोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयको आय शाखामा, कार्यालय समय भित्र फोन नं. ०६५-५६०५३४ मा सर्म्पक गरी जानकारी लिन सकिनेछ ।